नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद ब्यबस्थापन शाखा)

प.सं ०७६\७७
च.नं ३८५

मितिः २०७६।११।०६

श्री सवै स्थानीय तह ।

विषय : राष्ट्रिय औद्योगिक सर्भेक्षण सम्वन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्यांक विभागवाट च.नं ८३३, मिति २०७६।१०।२६ को पत्रबाट राष्ट्रिय औद्योगिक सर्भेक्षण, २०७६ को स्थलगत तथ्याङ्क संकलन कार्यमा आउने गणकहरुलाई प्रश्नावलीमा उल्लेख भएका विवरणहरु समयमै प्राप्त गर्नको लागि सवै स्थानीय तहहरुलाई पत्रचार गरिदिनुहुन भनी यस मन्त्रालयलाई लेखिएको पत्र यसैसाथ संलग्न राखी आवश्यक सहजीकरणको लागी अनुरोध छ ।

विष्णुहरी वराल
शाखा अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखा : website मा uplaoad गरिदिनुहुन ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
# केन्द्रीय तथ्याङ्क विभाग

फोन ४२४५९४६, ४२४५९४७, ४२४५९४८, ४२४५८४८, ४२४१८०१, ४२२९४०६
फ्याक्स: ९७७-१-४२२७७२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौं

पत्रसंख्या :- ७६/७७
च.नं.:- ८३३

मिति : २०७६/१०/२६

विषय : समन्वय सम्वन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागले वि.सं. २०२२ साल देखि आवधिक रुपमा औद्योगिक गणना तथा सर्वेक्षणहरु संचालन गर्दै नेपालमा औद्योगिक तथ्याङ्कको आपूर्ति गर्दै आइरहेको विदितै छ । यस क्रममा विभागले हाल सम्म दश वटा औद्योगिक गणना र पाँच वटा औद्योगिक सर्वेक्षणहरु सम्पन्न गरिसकेको छ । चालु आर्थिक वर्ष २०७६/७७ मा विभागले सयुंक्त राष्ट्र संघ औद्योगिक विकास निकाय (UNIDO) को सिफारीस अनुसार विगतका सर्वेक्षणको दायरालाई फराकिलो पार्दै साना तथा ठूला उद्योगहरु एवं सयुंक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरण (ISIC) अनुसार औद्योगिक क्षेत्रका प्रमुख चार क्रियाकलापहरु १. औद्योगिक उत्पादन, २. खानी तथा उत्खनन, ३. विद्युत उत्पादन प्रशारण तथा वितरण, र ४. पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरु, गर्ने उद्योग प्रतिष्ठानहरुलाई समेटी एकीकृत रुपमा **राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६** संचालन गर्न गइरहेको व्यहोरा अनुरोध गर्दछु ।

यस सर्वेक्षणको प्रमुख उद्धेश्य देशभरी सन्दर्भ अवधि (आ.व. २०७५/७६) मा संचालनमा माथि उल्लेखित चार प्रकारका क्रियाकलाप गर्ने साना तथा ठूला सबै उद्योग प्रतिष्ठानहरुको समग्र तथ्याङ्क संकलन गर्ने, अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान मापन गर्ने र नीति निर्माता, योजनाविद्, अनुसन्धानकर्ता, उद्योगपति एवं अन्य सबै सरोकारवालाहरुलाई आवश्यक पर्ने औद्योगिक तथ्याङ्क उपलब्ध गराउनु रहेको छ ।

राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को स्थलगत तथ्याङ्क संकलन कार्य २०७६ फागुनको दोश्रो सातावाट देशभर शुरु हुँदै छ । त्यसक्रममा केन्द्रीय तथ्याङ्क विभाग र अन्तर्गतका तथ्याङ्क कार्यालयहरुवाट खटिएका गणक कर्मचारीहरु छानिएका उद्योग प्रतिष्ठानहरुमा तथ्याङ्क संकलनको लागि खटिदै छन् । खटिएका गणकहरुलाई प्रश्नावलीमा उल्लेख भएका विवरणहरु समयमै प्राप्त गर्नको लागि सबै स्थानीय तहहरुमा पत्राचार भएमा तथ्याङ्कको गुणस्तर अभिवृद्धिमा थप सहयोग पुग्ने देखिएकोले आवश्यक समन्वयको लागि पहल हुन उपयुक्त देखी अनुरोध गरेको छु ।

(नेबिनलाल श्रेष्ठ)
महानिर्देशक